०६३/१२/१६

# प्राथमिक शिक्षक तालिममा शिक्षक छनोट गर्ने प्राथमिकता सम्बन्धमा ।

श्री जिल्ला शिक्षा कार्यालय
................................

प्रस्तुत विषयमा यस केन्द्रअन्तर्गत शैक्षिक तालिम केन्द्रहरूबाट सञ्चालन भइरहेको सेवाकालीन प्राथमिक शिक्षक तालिमका लागि प्रशिक्षार्थी छनोटका लागि यस विकास केन्द्रबाट पठाइएको मापदण्ड (criteria) को प्राथमिकताक्रमलाई अवलम्बन गर्नुपर्नेमा कतिपय जिल्ला शिक्षा कार्यालयहरूले न्यून प्राथमिकताक्रमको मापदण्डलाई अवलम्बन गरी उच्च प्राथमिकताक्रमको मापदण्डअनुसारका शिक्षकहरूलाई छनोट नगर्ने गरेको बुझिएको छ । हाल कार्यान्वयनमा रहेको प्राथमिक शिक्षक तालिम कार्यक्रम Teacher Education Project अन्तर्गत सञ्चालन भइरहेको र परियोजना अवधिभरमा स्वीकृत दरवन्दीमा कार्यरत सम्पूर्ण शिक्षकहरू ( ८०,७७५ ) लाई पूर्णत: तालिम प्राप्त तुल्याई तालिम अप्राप्त शिक्षकको backlog clear गरी सक्ने गरी Training Master Plan तयार भएको छ । साथै त्यसमा Mid Term Review Mission बाट दातृनिकाय र सरकारबीच सहमति भइसकेको सन्दर्भमा उक्त प्रकृतिका शिक्षकहरूबाहेक अन्यलाई तालिमका लागि छनोट गरी पठाउँदा चालु परियोजनाको प्रतिकुल हुने व्यहोरा स्पष्ट हुन अनुरोध छ ।

तसर्थ अव उप्रान्त १० महिने सेवाकालीन तालिमको प्रथम फेज (Basic Phase) का लागि शिक्षक छनोट गर्दा देहायको प्राथमिकताक्रम अनुसारको मापदण्डलाई कडाइका साथ अवलम्बन गर्नहुन अनुरोध छ ।

प्राथमिकता क्रमानुसारका मापदण्ड

1= सामुदायिक विद्यालयमा कार्यरत स्थायी शिक्षकहरू
2= सामुदायिक विद्यालयका महिला, अपाङ्ग, दलित र जनजातिका अस्थायी शिक्षकहरू
3= शिक्षक सेवा आयोगको लिखित परीक्षा उत्तीर्ण गरेका र ५ वर्षदेखि रिक्त दरवन्दीमा अध्यापन गरेका अस्थायी शिक्षकहरू
4= सामदायिक विद्यालयमा रिक्त दरवन्दीमा ७ वर्षदेखि अध्यापन गरिरहेका अस्थायी शिक्षकहरू
5= सामुदायिक विद्यालयमा विद्यालयकै स्रोतबाट तलवभत्ता खाने गरी नियुक्ति भएका र ५ वर्षदेखि अविछिन्न विद्यालयमा कार्यरत शिक्षकहरू
6= शिक्षा विभागबाट शिक्षक नियुक्ति गर्न थप अनुदान दिएको रकमबाट तलवभत्ता खाने गरी नियुक्ति भएका सामुदायिक विद्यालयका शिक्षकहरू
7= नाफा नकमाउने ( शैक्षिक गुठीको रूपमा ) सेवाप्रदायक संस्थागत विद्यालयहरूमा कार्यरत शिक्षकहरूलाई सेवाशुल्क लिई तालिममा सरिक गराउने
8= संस्थागत विद्यालयमा कार्यरत शिक्षकहरूलाई सेवाशुल्क लिई तालिममा सरिक गराउने

उदाहरणका लागि उक्त क्रमानुसार शिक्षक छनोट गर्दा क्रम १ का शिक्षकहरू उपलब्ध नभएको तथ्यगत एकिन भएपछि मात्र क्रम २ गर्दै सोही प्रक्रियाअनुसार क्रम ४ सम्मका मापदण्डलाई बढी प्राथमिकता दिनुहुन अनुरोध छ । यसरी शिक्षक छनोटको सूची तयार गर्दा क्रमसङ्ख्या १ देखि ४ अनुसारका शिक्षकहरू उपलब्ध नभएको तथ्यगत एकिन गरी सो समेत खुलाई त्यसभन्दा न्यु प्राथमिकताक्रमका शिक्षकहरू क्रमश: सूचीकृत गर्न सकिने र सोको जानकारी यस केन्द्रमा समेत पठाउन हुन अनुरोध छ ।

........................

बोधार्थ
श्री महानिर्देशकज्यू, शिक्षा विभाग, सानोठिमी, भक्तपुर
श्री क्षेत्रीय शिक्षा निर्देशनालय ............................
श्री शैक्षिक तालिम केन्द्र .................................
श्री कार्यक्रम तथा अनुगमन शाखा, शैक्षिक जनशक्ति विकास केन्द्र, सानोठिमी, भक्तपुर ।